**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १४, २०८२ असोज, ISSN 2676–1297

# 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतको सन्दर्भपरक विश्लेषण

**विष्णु पारायार**
prbishnu46@gmail.com

**अध्ययनसार**

प्रस्तुत लेख 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतको सन्दर्भपरक विश्लेषणमा केन्द्रित छ। यो अनुसन्धानात्मक लेख गुणात्मक प्रकृतिको रहेको छ। लोकसाहित्यको महत्त्वपूर्ण विधाका रूपमा लोकगीतलाई लिइन्छ। साकेला लोकगीत पनि लोकसाहित्यअन्तर्गत पर्ने अन्य लोकगीतहरूमध्ये छुट्टै विशेषता भएको गीत हो। साकेला लोकगीत नेपालको पूर्वी क्षेत्रमा प्रचलित गीत हो। यस लेख अध्ययनका लागि सामग्रीको सङ्कलन गायक/गायिका, स्रोत व्यक्ति र पुस्तकालयीय कार्यबाट गरिएको छ। लोकगीतले जातिगत पहिचान गर्ने भएकोले लोकसाहित्य अन्तर्गत पर्ने यस साकेला लोकगीतमा राई किराँत समुदायको चालचलन, वेषभूषा, परम्परा, विश्वास, रीतिरिवाज जस्ता पक्ष समावेश भएको हुन्छ। साकेला लोकगीत भनेको राई किराँत जातिको पहिचान गर्ने महत्त्वपूर्ण माध्यम हो। यसले नेपालमा रहेका जातजातिमध्ये राई किराँत जातिको भाषा तथा जीवन शैलीलाई चित्रण गर्दछ। साकेला लोकगीतलाई यस जातिले विषेश रूपमा मनाउने विषेश चाडपर्व उभौली र उधौलीमा प्रस्तुत गर्दछन्। यस गीतले मनोरञ्जनको साथ-साथै संस्कृति र संस्कारलाई पुस्तान्तरणको भूमिका वहन गरेको हुन्छ। साकेला लोकगीतमा कतिपय अवस्थामा राई तथा किराँत भाषा नै प्रयोग गरि प्रस्तुत गरिएको पाइन्छ। त्यसैले यसको विश्लेषण लोकगीत कै सन्दर्भहरूलाई आधार बनाइ गरिएको हुन्छ। यसमा भौतिक सन्दर्भ, संज्ञान सन्दर्भ, सामाजिक र सांस्कृतिक सन्दर्भ र वैयक्तिक सन्दर्भ आदिको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिको छ। साकेला लोकगीत नेपालको पूर्वी भेगमा बसोबास गर्ने राई किराँत जातिमा प्रचलित स्थानिक, जातिक र मौलिक विशेषता भएको सांस्कृतिक पर्व लोकगीत हो। यसमा सन्दर्भपरक विश्लेषण सम्बन्धी विभिन्न विद्वानका विचार उल्लेख गर्दै बाउम्यानले गरेको मुख्य आधारलाई लिइएको छ। यस क्रममा सन्दर्भपरक विश्लेषणको सैद्धान्तिक परिचय दिई 'साकेला सिली नाचौ न होई' साकेला लोकगीतमा प्रयुक्त सन्दर्भपरक विश्लेषणको अध्ययन गरिएको छ।

**प्रमुख शब्दावली** : संस्कृति, साकेला, प्रस्तुति, प्रचलित स्थानिक, जातिक र मौलिक विशेषता।

## विषयपरिचय

प्रस्तुत लेख निकेस राईको शब्द, सङ्गीत तथा निकेस राई र मेलिना राइको आवाजमा प्रसारित एवम् नेपाली लोकगीत बजारमा लोकप्रिय रहेको 'साकेला सिली नाचौँ न होई' लोकगीतको सन्दर्भ विश्लेषणसँग सम्बन्धित छ। नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक सापेक्ष सम्पन्न लोकसाहित्य यसको विशेषता हो। लोकसाहित्यको एक भेद रहेको साकेला लोकगीत तथा यसमा अभिव्यक्त सामाजिक, सांस्कृतिक, जातितत्त्व तथा यसले सङ्केत गर्ने सन्दर्भमा राई किराँत समुदायको वास्तविक प्रतिनिधित्त्व भएका हुन्छन्। नेपाली लोकगीतको प्रसारण आरम्भसँगै स्वराइन तथा दृश्यका माध्यमबाट प्रसारण हुन थालेपछि आमजनमानसमा बसेको यस गीतमा नेपालको पूर्वी भेगमा अवस्थित राई किराँत जाति नेपालको पहिलो वंश हुन भन्ने कुरालाई समेत इङ्गित गर्दछ। लोकगीतको संरचना बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरिएको पाइन्छ। (पराजुली, २०६०, पृ. २१-२२) लोकगीतको बाह्य संरचना त्यसका एकाइहरूको अन्विति हो भने आनतरिक संरचना बुनोट तहका अवयवहरूको कार्य र तिनीहरूका बिचको सहसम्बन्ध हो। यसको संरचनामा कथ्य विषय, भाषा, स्थायी, अन्तरा र थेगो, लय वा सङ्गीत हुन्छन्। यही लोकगीतको संरचनात्मक बुनोटको आधारमा साकेला लोकगीतको पनि संरचनात्मक बुनोट निर्माण भएको पाइन्छ। साकेला लोकगीत नृत्य र वाद्यवादनसहित गाइने लोकगीतको एक प्रकार हो। यसका सर्जक सामूहिक वा अज्ञात हुन्छन्। यो व्यक्तिगत नभई सामूहिक र सामाजिक हुन्छ। यसलाई चाम्लिङ भाषामा साकेला गीत, बान्तवा भाषामा साकेन्वा गीत, थुलुङ भाषामा तोसी गीत, दुङमाली भाषामा साखेवा गीत भनिन्छ (राई, २०६९ पृ. ३७)। साकेला लोकगीतलाई थुलुङ, बान्तवा र चाम्लिङ भाषामा फरक फरक शब्दमा पाइए तापनि यसले राई किराँत जातिको पहिचान व्यक्त गर्दछ। राई किराँत जातिहरू नेपालमा बसोबास गरेदेखि नै उनीहरूले गर्ने संस्कार, संस्कृतिहरू नेपालको अन्य जातिहरूको भन्दा फरक रहेको पाइन्छ। खानपानको दृष्टिकोणले पनि अन्य जाति भन्दा भिन्न नै देखिन्छन्। यस जातिको भाषा, कला, संस्कृति जस्ता पक्षहरूमा केकस्ता प्रभाव वा संवेदना वा अनुभूति रहन्छ भन्ने विषयको कलात्मक अभिव्यञ्जना पाइने यस साकेला लोकगीतमा नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्ने राई किराँतीहरूको सामाजिक, सांस्कृतिक तथा वैयक्तिक सन्दर्भको चित्रण पाइन्छ।

❋ लेखक अध्ययन-अनुसन्धानका क्षेत्रमा सक्रिय व्यक्तित्व हुन्।

सन्दर्भ विश्लेषण भनेको नव समालोचना शास्त्रले अघि सारेको अनुच्छेद संरचना भन्दा फरक माथिल्लो भाषिक एकाइमा शब्द र वाक्यको अर्थ भन्दा फरक भाषाले निर्माण गरेको सन्दर्भका आधारमा पाठको अर्थ खोज्ने अध्ययन पद्धति हो। पाठमा शब्द तथा वाक्यले दिने अर्थ भन्दा माथि तिनै भाषिक एकाइले निर्माण गर्ने सन्दर्भका आधारमा अर्थ खोजी विवेचना गर्नु पर्ने विषय यस पद्धतिको अभिव्यक्ति हो। बहुअनुसन्धानात्मक र अन्तर्विषयक समालोचनाका रूपमा व्याख्या रहेको यस सिद्धान्तले पाठमा रहेका सन्दर्भले व्यक्ति, समाज, संस्कृति र संज्ञानको अवस्थाका आधारमा पाठको अर्थ निर्धारण हुने पक्षलाई अघिसारेको छ। सन्दर्भले प्रकार्यात्मक साङ्केतिक समाज मनोभाषाविज्ञान तथा अर्थविज्ञान जस्ता क्षेत्रबाट विस्तृत तथा सूक्ष्म तहसम्म पुगेर अर्थको खोजी गर्ने यस सिद्धान्तले पाठमा अवशिष्ट अर्थलाई पाठबाहिरका सन्दर्भका आधारमा विश्लेषण गरी फरक-फरक सन्दर्भको समुच्चयका रूपमा सिङ्गो पाठात्मक अर्थ निर्धारण गर्दछ। धन पैसा कमाउन परदेश गएका राइ किराँती युवा तथा युवतीहरू साकेला पर्व मनाउन नेपालमा आफ्नो घर फर्केका हुन्छन्। पराई घरमा गएका छोरीचेली तथा माया प्रेममा परेका प्रेमीप्रेमिकाहरू र साथीभाइ, इष्टमित्र सबै जम्मा भएर साकेला नाँच्दै साकेला थानसम्म पुगेर साकेला देवताको पूजा आराधना गर्ने परम्परा जस्ता पक्षको विवेचना प्रस्तुत गीतमा सन्दर्भ विश्लेषणका दृष्टिले उपयुक्त सामग्री रहेको छ।

प्रस्तुत 'साकेला सिली नाचौँ न होई' लोकगीतमा व्यक्तिगत नभएर सामूहिक अनुभूतिकेन्द्री सन्दर्भसँग किराँती समुदायको प्रतिनिधित्व गर्ने सामाजिक, सांस्कृतिक तथा संज्ञानात्मक सन्दर्भको प्रयोग भएको पाइन्छ। सामाख्याताको मनोरञ्जनयुक्त सामूहिक कथानात्मक संरचनाविधान रहेको यस लोकगीतमा सम्बोधितको भूमिकामा रहेका सम्पूर्ण किराँत युवा, युवती, बालक तथा वृद्ध-वृद्धा, आफन्ता, साथीभाइ सबैलाई साकेलामा सम्पूर्ण पीडा भूलेर नाचौँ गाऔँ आफ्नो संस्कार तथा संस्कृतिको संरक्षण गरौँ भन्ने अभिव्यक्ति प्रस्तुत भएको छ। (बन्धु, २०५८, पृ. ११५) मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति लोकगीतमा हुन्छ। सोकला लोकगीतमा किराँती समुदायको सम्पूर्ण उमेर समूहका व्यक्तिको भाव, विचार अभिव्यक्त भएको पाइन्छ। प्रस्ततु 'साकेला सिली नाचौँ न होई' लोकगीतमा सन्दर्भ कथन कथ्यको अन्तरवस्तु मै समावेश भई विविध भूमिकामा रहेका व्यक्ति र तिनको परिस्थिति, सामाजिक, सांस्कृतिक विश्वास तथा संज्ञानको समेत विवेचना भएको छ। भौतिक परिवेशका रूपमा समाख्याता रहेको अघिल्ला र पछिल्ला पुस्ता किराँत समुदायको भौगोलिक, सामाजिक तथा सांस्कृतिक सन्दर्भका माध्यमबाट विवेचना गरिएको छ। प्रस्तुत 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतमा नेपाली समुदायभित्र पर्ने धेरै जातिहरूमध्येमा फरक पहिचान भएका किराँती समुदायको धार्मिक आस्था, पारिस्थितिक अवस्था, भौतिक अवस्था, सामाजिक सांस्कृतिक तथा संज्ञानात्मक सन्दर्भको प्रयोग भएको छ। सन्दर्भ विशलेषणका आधारमा 'साकेला सिली नाचौँ न होई' लोकगीतको सङकथनको विवेचना गर्ने आधार प्रस्ततु गर्ने यस लेखमा सन्दर्भपरक विश्लेषणको अध्ययन गरिएको छ।

प्रस्तुत लेख गुणात्मक प्रकृतिको रहेको छ। यस लेखमा 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतको सन्दर्भपरक विश्लेषण गरिएको हुँदा सङ्कलित साकेला लोकगीतका अडियो र रेकर्डिङ भएका नमुनाहरूलाई प्राथमिक सामग्रीका रूपमा र साकेला चाड र साकेला लोकगीतका बारेमा लेखिएका शोधपत्र, समालोचनात्मक पुस्तक, लेख आदिलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। यस लेखमा विश्लेष्य साकेला लोकगीत सङ्कलन रेकर्डिङ भएका अडियो तथा भिडियो र सम्बन्धित स्थानीय स्रोत व्यक्तिका माध्यमबाट गरिएको छ। सामग्री सङ्कलन रेकर्ड भएका निकेस राई र मेलिना राईको सुमधुर स्वरमा रहेको यस गीतलाई अध्ययनको मुख्य सङकलित सामग्रीका रुपमा लिइए पनि यसको बारेमा सोधपुछ भने खोटाङ साकेला ३ खिदिमाका देउराज राईसँग प्रत्यक्ष अन्तर्वार्ता समेत गरी साकेला लोकगीतको बारेमा विशेष जानकारी लिइएको छ। यस अध्ययनमा साकेला लोकगीतको सन्दर्भपरक विश्लेषण प्रसिद्ध विद्धावान बाउम्यानको सन्दर्भपरक पद्धतिअनुसार लेखलाई अगाडि बढाइएको छ। यसमा वैयक्तिक सन्दर्भ, भौतिक सन्दर्भ, सामाजिक सांस्कृतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भलाई मुख्य आधार बनाई 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतको सन्दर्भपरक विश्लेषण गरिएको छ।

**सैद्धान्तिक अवधारणा**

साकेला लोकगीत लोकगीतको महत्त्वपूर्ण प्रकार हो। साकेला शब्दले राई किराँत जातिको पर्वलाई पहिचान गर्दछ। साकेला लोकगीतलाई पर्व लोकगीतका रूपमा पनि लिइन्छ। नेपाली समुदायमा बसोबास गर्ने अन्य जातिहरूमध्ये किराँत जातिलाई नेपालको पहिचानिक जाति मानिन्छ। नेपाली भाषा, कला, संस्कृतिमा यस जातिको पहिचान फरक रहेको पाइन्छ। जसरी तिज गीतले नेपाली नारीहरूको दुःख, सुखलाई अभिव्यक्त गर्दछ त्यसै गरी साकेला लोकगीतले राई किराँत समुदायको जीवनयापनका क्रममा गरिने सम्पूर्ण कार्यलाई अभिव्यक्त गर्दछ। साकेला लोकगीत कुन समयमा कुन सन्दर्भमा कसरी गाउने भन्ने कुराको निर्धारण पनि यसै जातिमा पाइन्छ। साकेला लोकगीतलाई वैशाख पूर्णिमामा लाग्ने उभौली पर्वमा र मंसिर महिनामा हुने मंसिर पूर्णिमामा लाग्ने उधौली पर्वमा राई किराँत वेषभूषामा सजिएर वाद्यवादनको तालमा विभिन्न उमेर समूहका व्यक्तिहरू गोलाकार भएर गीत र

वाद्यवादनको तालमा खुट्टाको चाल र हातको हाउभाउ मिलाएर गोलाकारमा अनुबन्धित भएका सबैले एकै स्वरमा सुरुमा हुर्रर....हा...हा...गाउँदै प्रस्तुत गर्दछन् । (बन्धु, २०५८, पृ.७९) सन् १९७० को दशकमा भाषा, लोकवार्ता तथा संस्कृति सन्दर्भमा र पद्धतिहरूको विकास भयो । साकेला लोकगीत लोकवार्ताभित्रको प्रमुख अध्ययनीय क्षेत्र हो । यसमा नेपालमा बसोबास गर्ने विशेष जाति राई किराँतको सामाजिक तथा सांस्कृतिक पक्ष व्यक्त भएको पाइन्छ ।

साकेला लोकगीतले राई किराँतहरूको मात्रै नभएर सिङ्गो नेपालको भाषा तथा साहित्यमा ठूलो भूमिका वहन गरेको पाइन्छ। साकेला लोकगीतलाई विशेष सन्दर्भमा प्रस्तुत गर्ने गरिन्छ। (चाइल्ड र फाउलर, २००६, पृ.३४) अनुच्छेद संरचना भन्दा माथिल्लो भाषिक संरचनामा शब्दमा रहेको अर्थले र वाक्यमा रहेको अर्थलाई प्रतिस्थापित गरी कसरी पाठको अर्थलाई विस्तृत तुल्याउँछ भन्ने विषयलाई केन्द्रमा राखी कृतिअर्थात् भाषिक संरचनाको अर्थ निर्धारण गर्ने प्रक्रियालाई सन्दर्भ विश्लेषणका रूपमा लिइन्छ। साकेला लोकगीत उभौली र उधौली पर्वको सयमा प्रस्तुत गर्ने हुनाले यसलाई विशेष सन्दर्भका रूपमा लिइन्छ। साकेला लोकगीतको पाठभित्र परम्परा तथा धार्मिक आस्थाका पक्षहरू पनि जोडिएका हुन्छन् । भाषिक संरचनाका दृष्टिले पनि साकेला लोकगीत निकै अर्थयुक्त देखिन्छ। साकेला लोकगीतमा विभिन्न विषयवस्तुको समावेश भएको हुन्छ (राई, २०७१, पृ.१२२ ) यस गीतमा ऋतुसम्बन्धी, पितृ र प्रकृतिसम्बन्धी तथा मायाप्रीति सम्बन्धी विषय वर्णन भएका हुन्छन् । साकेला लोकगीतमा अन्य लोकगीतमा जस्तै विभिन्न ऋतुहरू र प्रकृतिको वर्णनसँगै माया प्रेमका भावहरू पोख्ने गरिएको पाइन्छ । विभिन्न विषयवस्तुसँगै विभिन्न सन्दर्भहरू पनि समावेश हुने गर्दछन् । सन्दर्भ विश्लेषण सन्दर्भ शब्द वा वाक्यका तहमा विपरित अर्थको अध्ययन गर्ने संरचनामा अविष्ट अर्थको अध्ययन गर्ने पद्धति भएकाले यो सङ्कथन अध्ययनको क्षेत्रमा समावेश भएको विषय हो । सन्दर्भले साकेला लोकगीतको पाठमा रहेका अर्थलाई अर्थगत समष्टिका आधार नभई शब्दले निर्माण गर्ने प्रत्येक सन्दर्भ पृथक अर्थका आधारमा सन्दर्भगत अर्थ तथा ती सन्दर्भको अर्थका आधारमा अर्थ निर्धारण गर्नु पर्ने विषय निर्धारण गरेको छ। (कडन, २०१३, पृ. १५५) सन्दर्भ विश्लेषणले साहित्यका पाठको विश्लेषण गर्दा बाँधिएर रहेका अर्थलाई सहज तुल्याउन पाठमा आएका सबै प्रकारका अर्थलाई समेटी पाठको प्रमुख अर्थ अर्थात निहितार्थ पहिचान गर्न सकिने आधार प्रदान गरेको छ। सन्दर्भ विश्लेषणले 'साकेला सिली नाचौँ न होई' लोकगीतको मूलपाठमा रहेका प्रत्येक शब्दको अर्थलाई केलाउने कार्य समेत गर्दछ । साकेला लोकगीतमा प्रयोग भएका शब्द-शब्दले व्यक्त गर्ने अर्थ राई किराँत जातिको भाषा, संस्कृति, चालचलनको अवगत हुनेहुनाले साकेला लोकगीतमा स्थानीय किराँतहरूको लवज झल्कने शब्दको प्रयोग गरेर गाउँनु सान्दर्भिक देखिन्छ (घिमिरे, २०६९, पृ.५)। सङ्कथनमा रहेका भाषिक तथा गैर भाषिक सङ्केतमा रहेका भाषिक तथा गैर भाषिक सङ्केतका आधारमा गरिने विश्लेषणमा पाठमा आएका भाषिक सङ्केतमा रहेका पाठ बाहिरका सन्दर्भ तथा तिनको सामाजिक अभ्यासलाई हेरिनु सन्दर्भपरक अध्ययनको अभिप्राय हो । सन्दर्भपरक अध्ययन तथा विश्लेषणले सोकला लोकगीतमा चयन भएका भाषिक सङ्केतको पनि विश्लेषण गरी यसको सामाजिक अभ्यासका कार्यहरू केकस्ता छन् भन्ने पक्षलाई समेत विश्लेषणको दायरामा ल्याउने साकेला लोकगीतको सन्दर्भपरक विश्लेषणमा महत्त्वपूर्ण भूमिका रहन्छ। सङ्कथन विश्लेषणका आधार भाषा भएकोले कृतिमा प्रयुक्त भाषिक रुपले जति सन्दर्भलाई तानेर ल्याउन सक्छ । पाठको अर्थ त्यहाँसम्म जाने तथा भाषिक प्रयोक्ताको आशयको खोजी भएकाले यो मात्रापरक बद्ध अनुसन्धानात्मक विषय बनेको हो। भाषिक संरचनाका रुपमा रहेको साकेला लोकगीतमा वैयक्तिक सन्दर्भ, भौतिक सन्दर्भ, सामाजिक सांस्कृतिक सन्दर्भ, संज्ञानात्मक सन्दर्भका कोणबाट अध्ययनीय सामग्री रहेको छ।

प्रस्तुत 'साकेला सिली नाचौँ न होई' लोकगीत नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्दै आएका किराँत तथा राई जातिको सामाजिक तथा सांस्कृतिक संरचनामा रहेको यर्थाथलाई समेटी निर्माण भएको हो । उभौली र उधौली पर्व यस जातिको प्रमुख पर्व मानिन्छ । 'साकेला सिली नाचौँ न होई' लोकगीतमा मात्रै नभएर समग्र साकेला लोकगीतमा किराँत जातिको भाषा, परम्परा, विश्वास, आस्था र प्रचलनलाई प्रशस्त मात्रमा अभिव्यक्त गरिएको पाइन्छ (एटम, २०७४, पृ.२४१) । सन्दर्भ विश्लेषण अन्तर्विषयक अध्ययन रहेको तथा यसको प्रवत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई एकीकृत गर्नुपर्दछ। सन्दर्भ विश्लेषणले 'साकेला सिली नाचौँ न होई' लोकगीतमा प्रयुक्त भएका हरेक शब्दले नेपाली किराँत समुदायको ऐतिहासिक, पौराणिक, धार्मिक तथा राजनीतिक जस्ता आयामहरूलाई पनि एक्यैबद्धता गर्नुपर्दछ भन्ने सङ्केत व्यक्त गर्दछ। सोकला लोकगीतमा किराँत समुदायमाथि हुने दभाव र अभाव जस्ता विषयलाई पनि जोडदिने हुनाले यस्ता लोकगीतहरूलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरेर अघि बढ्न सके अझ महत्त्वपूर्ण मानिन्छ। (राई, २०३९, पृ.३७) साकेला लोकगीत नृत्य र वाद्यवादनसहित गाइने लोकगीत हो। यसका सर्जक सामूहिक वा अज्ञात हुन्छन् । यो व्यक्तिगत नभई सामूहिक र सामाजिक हुन्छ। यसलाई चाम्लिङ भाषामा साकेला गीत, बान्तवा भाषामा सान्केवा गीत, थुलुङ भाषामा तोसी गीत, दुङमाली भाषामा साखेवा गीत भनिन्छ। साकेला लोकगीत लोकगीतको एक महत्त्वपूर्ण प्रकार भएकोले यसको संरचनामा लोकगीतका तत्वहत्त सामाविष्ट हुनु स्वभाविक मानिन्छ। साकेला लोकगीतमा राई

किराँत भाषाको भूमिका रहने हुनाले यसमा कतिपय शब्दहरू राई किराँत भाषाको नै प्रयोग भएको हुन्छ । किराँत समुदायको सामाजिक र सांस्कृतिक संरचनामा साकेला लोकगीतको केकस्तो प्रभाव रहन्छ एवं सामाजिक र सांस्कृतिक विकास प्रकट हुन्छ भन्ने विषयसार पूर्ण ढङ्गमा प्रस्तुत भएको छ । प्रस्तुत लेखमा 'साकेला सिली नाचौँ न होई' लोकगीतमा अभिव्यञ्जित भौतिक सन्दर्भ, वैयत्तिक सन्दर्भ, सामाजिक सांस्कृतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भलाई छुट्‌टा-छुट्‌टै शीर्षकमा राखेर विश्लेषण गर्नु उपयुक्त ठर्हछ ।

**साकेला सिली नाचौँ न होई लोकगीतमा भौतिक सन्दर्भ**

प्रस्तुत 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतमा किराँत समुदायको घर र साकेला थानको दुई वटा अलग-अलग विषयका माध्यमबाट भौतिक सन्दर्भ व्यक्त भएको देखिन्छ । राई किराँतहरू अन्य समयमा कर्ममा लागि जुन ठाउँ गए पनि वैशाख पूर्णिमाको उभौली पर्वमा र मंसिर पूर्णिमाको उधौली पर्वमा घरमा आफन्तासँग जम्मा भई साकेला थानमा साथीभाइ, छरछिमेकसँग साकेला गाउँने र नाच्ने गरेको पाइन्छ । साकेला गीत गाउँन र यसै गीतमा नाँच्नलाई एकै उमेर समूहका व्यक्ति हुनुपर्दछ भन्ने हुँदैन । यसमा जुनसुकै उमेर समूहका व्यक्तिहरू पनि नाँच्न र गाउँन सक्छन् । ढोल, झुर्मा, झ्याम्टा जस्ता आदि वाद्यवादनका साथमा गोलाकार भएर साकेला लोकगीतलाई नृत्यसहित प्रस्तु गरिन्छ ;

केटीः<br>
सोई राजा गाउँदै साल्पासिलीचुङ्<br>
साकेला सिली नाँच्दै जाउँ है कुवाचुङ<br>
उभौली, उधौली साकेलासिली<br>
नाँच्नलाई जाउ है सबै मिलि ।

घरदेशको सरकारी र निजी क्षेत्रमा काम गर्ने दाजुभाइ तथा दिदीबहिनी र परदेशबाट घर फर्किएका दाजुभाइ र दिदीबहिनीहरू आफन्ताहरू उभौली र उधौली पर्वमा रमाउन र एक अर्कामा खुसी साट्‌नलाई सोई राजा किराँतीहरूको राजा रानीको सम्झना गर्दै साकेला थानमा रमाउन जानु पर्दछ भन्ने विचारलाई आदान प्रदान किराँत समुदायको विशेष पर्व उभौली र उधौली हो । प्रस्तुत गीतमा सबै टाढा-टाढा भएका आफन्तालाई पनि उभौली नाँच्नु पर्दछ , रमाइलो गरौँ भन्ने भाव व्यक्त भएको छ । प्रस्तुत गीतको अंशले आफ्नो हितैसी मित्र, प्रेमी, प्रेमिका समेत साकेला नाँचमा भेटौँला भन्ने आशय व्यक्त गरेको छ । राई किराँत समुदायको युवायुवतीहरू पनि साकेलामा आफ्नो मनोभावलाई व्यक्त गर्दै आएको समेत पाइन्छ । नेपालको पूर्वी भेगमा बढी मात्रामा बसोबास गर्ने यस जातिको अन्य खस आर्य समुदायको भन्दा भाषा, संस्कार र संस्कृति फरक रहेको पाइन्छ । यस जातिको सबै भन्दा ठूलो चाड नै उभौली, उभौली भएकोले यस समयमा राई किराँत समुदायको मानिसहरूले आफ्नो घर भन्दा टाढा रहेको साकेला मुन्धुन्ममा गई जम्मा भएर यस गीतलाई प्रस्तुत गरेको पाइन्छ । नेपालको पूर्वी क्षेत्र यस गीतको भौतिक परिवेश हो । (चेम्जोङ, २०७५, पृ.१९) वर्तमान नेपालका पहाडी प्रदेशलाई अघि किराँत देश भनिन्थ्यो । आजभोली पनि पूर्वी नेपाललाई माझ किराँत तथा पल्लो किराँत भन्दछन् । माझ किराँत भन्नाले जिम्दार वा वारबोम्बा औ पल्लो किराँत भन्नाले लिम्बु वा याक्थुम्बाहरूको बसोबास बुझिन्छ । हाल विभिन्न प्रदेश हुनुभन्दा पहिलेको समयलाई किराँत देश भनिए पनि यसको क्षेत्र तोकिएको देखिन्छ । नेपाली परिवेशमा सिमित बजारीकरण तथा त्यसभित्रका विविध पक्षलाई आत्मासात गर्दै राई किराँती समाजको आर्थिक सामाजिक सांस्कृतिक जनजीवनको सम्पूर्ण अवस्थाको चित्रण भएको पाइन्छ ।

**साकेला सिली नाचौँ न होई लोकगीतमा वैयत्तिक सन्दर्भ**

'साकेला सिली नाचौँ न होई' लोकगीतको उठान सोई सोईला हो हुर्रर हा.. हा.. बाट भएको हुनाले सोईला भनेको नेपाली वृहत शब्द कोषअनुसार, काठको ठेडी वा जुवामा गोरु वा राँगाको गर्दनलाई यताउती सर्न नदिन जोडिएको साधन भन्ने बुझिन्छ । यस लोकगीतमा राई किराँती समुदायको व्यक्तिगत पहिचानले पनि अन्य समुदायमा फरक पार्ने हुनाले यस लोकगीतमा व्यक्तिगत सन्दर्भ प्रस्तुत भएको हुन्छ ।

केटी<br>
किराँती राजा पारुहाङ रानी सुम्निमा भाकेर<br>
छिन ढोकोवासिङ पितृलाई पूजौँ सम्झना साँचेर । (२)

प्रस्तुत 'साकेला सिली नाचौँ न होई' लोकगीतको पङ्क्तिमा किराँत जातिको आस्थाको धरोहर विश्वासको खम्बा पारुहाङ राजा शिव हुन भने सुम्निमा माता पावर्ती हुन । उनीहरूले कुनै पनि अप्ठ्यारो स्थिति आई पर्दा सुम्निमा रानीको नाममा भाकल गर्ने

गरेको देखिन्छ। किराँतहरूले आफ्नो देवी भनेर सुम्निमाको चरणमा पर्दै भाकल गर्ने गरेको अवस्थाको सन्दर्भ समेत प्रस्तुत भएको छ। (फ्लावडडयू, २०१०, पृ.४) पाठमा आएका वैयक्तिक, सामाजिक, सांस्कृतिक स्थिति, परिस्थिति तिनको पाठ निर्माणको भूमिका, घट्नाक्रम, घटनाले पाठ निर्माणमा खेलेको भूमिका, भाषाले संरचना निर्माणका क्रममा सङ्केत गरेको वैयक्तिक सन्दर्भ, सामाजिक सांस्कृतिक सन्दर्भ तथा व्यक्तिको ज्ञानमा आधारित सन्दर्भलाई समेत विवेचना गरी गीतको पाठमा रहेको शब्दको अर्थ निर्धारण गर्दछ। साकेला लोकगीतमा वैयक्तिक सन्दर्भसँग उसको ज्ञानका पक्ष जोडिएको हुन्छ। ज्ञानका कारणले नै सुम्निमा मातालाई पूँजा गर्नु पर्दछ भाकल गर्न पर्दछ भन्ने वैयक्तिक धाराणाको निर्धारण भएकोले यस गीतमा वैयक्तिक सन्दर्भको भूमिका महत्त्वपूर्ण देखिन्छ। पारुहाङ किराँत राजा (महादेव) हुन भने सुम्निमा रानी माता (पार्वती) हुन् भनेर यस जातिका समुदायले विश्वासका साथ पूजा, आराधाना गर्ने गरेको देखिन्छ। पारुहाङ किराँत वंशका आदिम व्यक्ति हुन भने सुम्निमा पनि व्यक्ति नै हुन। मानवीय विशेषता अनुरुप एउटै व्यक्तिमा फरक फरक विशेषता रहने विषयका साथै एउटै व्यक्तिको अनेक भूमिकाका आधारमा पृथक व्यक्तित्व हुने पक्ष प्रस्तुत 'साकेला सिली नाचौँ न होई' लोकगीतको पङ्क्तिमा वैयक्तिक सन्दर्भका रुपमा अभिव्यञ्जित भएको छ।

**साकेला सिली नाचौँ न होई लोकगीतमा सामाजिक सांस्कृतिक सन्दर्भ**

सामाजिक सांस्कृतिक सन्दर्भले साकेला लोकगीतमा निकै गहन भूमिका वहन गर्दछ। सामाजिक सांस्कृतिक सन्दर्भ विनाको साकेला लोकगीतको सृजना नै गर्न कठिन पर्दछ। नेपालको पूर्वी भेगमा प्रचलित साकेला लोकगीतमा राई किराँत समुदायका मानिसको जीवनयापनका समग्र पक्ष समाविष्ट भएको हुन्छ। साकेला लोकगीत गाउने परम्परा जब नेपालमा राई किराँत वंशको उदय भयो तत्पश्चात नै उनीहरूसँगै जन्मिएको हो भन्ने पाइन्छ। साकेला लोकगीत राई किराँत जातिको भाषा, कला, सिप, विशवास, धर्म र परम्पराको प्रतिबिम्ब हो। यस गीतले यस जातिको व्यक्तिप्रति समाजको धारणा कस्तो छ र कसरी निर्माण भएको छ ? किराँत समुदायका व्यक्तिका विषयमा समाजमा प्रस्तुत भएका धारणाले कसरी सामाजिक सांस्कृतिक अवधारणाको निर्माण हुन्छ ? भन्ने विविध विषय प्रस्तुत भएको छ।

केटीः

क. शिरैमा शिरफूल नाकैमा ढुङ्ग्री बुलाँकी झुण्डेको (२)<br>
दौउरा र सुरुवाल पटुकी कसि खुकुरी भिरेको। (२)

ख. मखमली चोलि छिटको गुन्यो कम्मरै भाँचेर (२)<br>
ढोल झ्यामटा ढोक्दै भूमिको पूँजा सम्झना साँचेर। (२)

प्रस्तुत 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतको पंक्तिहरूमा सामाजिक सांस्कृतिक पक्षहरू प्रशस्त अभिव्यक्त भएका भएका छन्। यस समुदायका युवायुवतीहरूले साकेला मेलाको दिना झपक्क हुने गरी शिरमा शिर फूल, नाकमा ढुङ्ग्री, बुँलाकी, हातमा चुरा र बालासँगै घाँटीमा सुन चाँदीका पैसे माला छिटको गुन्यो र मखमली चोली लगाउँछन् भने पुरुषहरूले दौउरा सुरुवालमाथि शिरमा ढाँका टोपी लगाएर साकेला गाउँने र नाँच्ने कार्य गर्दछन्। साकेला लोकगीतलाई किराँती भाषामा पनि प्रस्तुत गर्ने गरेको देखिन्छ। वेषभूषा पनि सांस्कृतिक पक्षभित्र पर्दछन्।

सुम्निमा र पारुहाङ किराँत राजा र रानी (महादेव र पार्वती) मानिन्छन्। उनीहरूमाथि विश्वास र आस्था राखेर भाकल गर्ने परम्परा यस जातिमा रहेको छ। उनीहरूलाई आकाशका देवता मानेर उनीहरूकै सन्तान आफुलाई ठान्दछन्। नेपाललाई चिनाउने अन्य माध्यम जस्तै राई किराँत जाति पनि प्रमुख माध्यम मानिन्छन्। उनीहरूको भाषा, संस्कार, संस्कृति र चालचलन नै फरक किसिमको रहेको छ। यसमा पारुहाङ र सुम्निमा नै भगवान हुन भन्ने सन्दर्भ आएको छ। भगवानका रुपमा लिँइदै उनीहरूमाथि भरोसा गरेर साकेला पर्वका दिन सबै किराँतीहरू साकेला थानमा जम्मा भएर उनीहरूलाई खुसी बनाउने सन्दर्भ समेत व्यक्त भएको छ। सुम्निमा र पारुहाङलाई खुसी बनाउन सके परिवार, जागिर, माया र प्रेम सबैमा सफलता मिल्छ भन्ने सामाजिक सन्दर्भमा त्यसको सांस्कृतिक कारण किराँतीहरूको देवतासँगको सम्बन्ध नै हो भन्ने पक्षलाई अभिव्यक्त गरेको देखिन्छ।

**साकेला नाचौँ न होई साकेला लोकगीतमा संज्ञानात्मक सन्दर्भ**

'साकेला नाचौं न होई' साकेला लोकगीतको पाठात्मक संरचनामा प्रयोग भएको भाषाप्रति बिम्बन हुने सामाजिक, सांस्कृतिक वैयक्तिक एवं भौतिक पक्षमा अविष्ट निहिततार्थ संज्ञानात्मक सन्दर्भका रुपमा अभिव्यक्त भएका हुन्छन्। प्रस्तुत 'साकेला नाचौँ न होई' लोकगीतमा सामाजिक सन्दर्भको दीर्घकालीन अभ्यासबाट निर्माण भएको संज्ञानात्मक सन्दर्भको संयोजन भएको पाइन्छ।

केटाः
क. यो माटोको पहिलो मूलबासी
हामी हौ नौलाख किराँती
संसार भरि यसै गरी फैलियोस हाम्रो इजती
फैलियोस हाम्रो इजती (२)
एनि लै फैलियोस हाम्रो इजती । (२)

प्रस्तुत 'साकेला नाचौँ न होई' साकेला लोकगीतको अशंले नेपालको पहिलो वंश नै किराँत रहेको कुरा व्यक्त गरी किराँतहरूको इजतलाई सबैतिर फैलाउने आएको छ यसलाई नै संज्ञानात्मक सन्दर्भ भनेर पहिचान भएको छ। उनीहरूले साकेला लोकगीतमार्फत आफ्नो इज्जत तथा पहिचान सबैतिर फैलियोस् किराँत जातिको संस्कार र संस्कृति कहिल्यै पनि लोप नहोस् भन्ने हेतुले पनि वर्षमा दुई पटक लाग्ने उभौली र उधौली पर्वमा साकेला लोकगीतलाई प्रस्तुत गर्दै आएको पाइन्छ। नेपालमा किराँतको उदयपछि जातजातिको उदय भएको कुरा व्यक्त भई नेपालमा किराँत जातिको जम्मा संख्या समेत उल्लेख भएको पाइन्छ। सामाख्याताले सामाजिक सांस्कृतिक सन्दर्भका रूपमा प्रतिबिम्बित किराँत जातिको इतिहास, इजत, प्रतिष्ठा सम्बन्धमा रहेको लोकविश्वास यस गीतमा अभिव्यक्त संज्ञानात्मक सन्दर्भको मुख्य प्रमाण हो । नेपालको हालको जातजाति सङ्ख्या १४२ हुनु भन्दा पहिला शान्त नेपालको परिवेशमा किराँत जातिले नेपाललाई सामाजिक सांस्कृतिक, आर्थिक तथा राजनीतिक रूपमा परिचालन गरेको विषयवस्तु समेत प्रस्तुत भएको छ। यसका अन्य गीतको पङक्तिहरूले देशमा यस जातिको महत्त्वलाई बुझ्न सहयोग समेत मिलेको छ।

**निष्कर्ष**

प्रस्तुत 'साकेला सिली नाचौँ न होई' साकेला लोकगीतको सन्दर्भपरक विश्लेषण सम्बद्ध यस लेखमा उपर्युक्त गीतमा भौतिक सन्दर्भ, वैयक्तिक सन्दर्भ, सामाजिक सांस्कृतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भ विवेचना भएको छ। राई किँरात जातिको परम्परा, विश्वास, संस्कार तथा संस्कृति आदिको झलक बोकेको यस गीतले नेपालको इतिहासमा सबैभन्दा पहिले कुन जातिले नेपाल चलाएका थिए भन्ने प्रश्नको उत्तर दिएको छ । नेपालमा अन्य जातजाति भन्दा फरक पहिचान भएको यस जातिको जनसङख्या ९ लाख रहेको समेत अवगत गराउँदै नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्दै आएका यस जातिको जीवनयापन र धार्मिक आस्था जस्ता विषयवस्तुलाई प्रस्तुत गरेको छ। फरक वेषभूषा र फरक आहार विहार समेत भएका यस जातिको साकेला पर्व विशेष भएकोले यस पर्वसँग साकेला लोकगीतको सम्बन्ध कथ्यकथनका रूपमा प्रस्तुत भएको यो गीत सन्दर्भ विश्लेषणका कोणबाट अध्ययनीय सामग्री रहेको छ। सन्दर्भ विश्लेषण अनुच्छेद संरचना भन्दा माथिल्लो भाषिक संरचनामा भाषाले निर्माण गर्ने सन्दर्भका आधारमा पाठको अर्थ खोज्ने अध्ययन विधि हो। भाषिक एकाइले निर्माण गर्ने सन्दर्भका  आधारमा पाठको अर्थ खोजी विवेचना गर्ने अर्न्तअनुसन्धानात्मक यो सिद्धान्त पाठमा रहेका सन्दर्भले व्यक्ति, समाज, संस्कृति र संज्ञानलाई प्रकाशमा ल्याउने कार्य गर्दछ। प्रस्तुत 'साकेला सिली नाचौँ न होई' लोकगीतमा किराँत जातिको आदिम देवता पारुहाङ र सुम्निमाको सम्झनामा भाकल गरी पूजा आराधाना गर्ने गरेको साकेला स्थानमा अवस्थित भौतिक सन्दर्भलाई प्रस्तुत गरेको छ। यस क्रममा साकेला मेला हेर्न जाँदा यस समुदायका महिला तथा पुरुषहरूले विभिन्न प्रकारका गहना तथा कपडामा सजिएर परम्पराबाट चल्दै आएको संस्कार तथा चलनलाई जोगाउने सामाजिक तथा सांस्कृतिक सन्दर्भलाई प्रस्तुत गरेको छ। यस गीतमा प्रस्तुत वैयक्तिक सन्दर्भ सामाजिक रुपमा प्रतिष्ठा प्राप्त पारुहाङ र सुम्निमाको सामाजिक तथा सांस्कृतिक धरालत र जीवन शैलीलाई हिजोको समयदेखि आजको समयसम्म पनि यथावत राख्न सफल  भएको भूमिका नै संज्ञानातमक सन्दर्भका रुपमा आएको छ। प्रस्तुत 'साकेला सिली नाचौँ न होई' लोकगीतमा व्यक्त भएको किराँत जातिको संस्कार र संस्कृतिलाई जोगाउनु पर्दछ। नेपालको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा यस जातिको भूमिका उच्च रहेको छ। साकेला लोकगीतले मनोरञ्जन मात्रै नभएर, धर्म, संस्कृति तथा परम्परालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तानतरण गर्न सहयोग गर्ने भएकोले यस गीतलाई जोगाएर राख्न किराँत समुदायको मात्र नभएर हामी सबैको कर्तव्य हो निष्कर्ष व्यक्त भएको छ।

Commented [D1]:

**सन्दर्भ सामग्रीसूची**

पराजुली, मोतिलाल (२०६०), *लोकगीतको संरचना,* कुञ्जिनी ११८) पृ. २१-२५ ।
घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण.* एन्टेक्चअल्ज बुक प्यालेस ।

राई, विनिता (२०६९), *साकेला गीतको विश्लेषण.* स्नातकोत्तर अप्रकाशित शोधपत्र. त्रिभुवन विश्वविद्याल, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग ।
राई, भक्त साम्पाङ (२०७१), *किराँती साम्पाङ पहिचानमा लोकगीतको भूमिका.* नेपाली डायस्पोरा वाङमय प्रतिष्ठान ।
राई, विष्णु (२०७१), *किराँत सभ्यताः उभौली, उधौली पर्व मानव शास्त्रीय अध्ययन,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
एटम, नेत्र (२०७४), *(सम्पा). संक्षिप्त साहित्यिक शब्दकोष.* नेपाल प्रज्ञा प्रतिष्ठान ।
चेम्जोङ, इमानसिंह (२०७५), *किराँत इतिहास* मञ्जरी पब्लिकेसन ।
बन्धु, चुडामणि (२०७५), *नेपाली लोकसाहित्य,* एकता बुक्स काठमाडौः नेपाल ।
Cuddon, J.A( ..(2013) .*A Dictionary of Literary Terns and Literary Theory.*(5th end).Wiley-Blackwell.